Published Date : २०८२-०८-२३

त्रिभुवन विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय
बल्खु, काठमाडौं

## 3-Years LL.B. 3rd Year (Supplementary)-2079

## ३ वर्षे स्नातक तह LL.B. तेस्रो वर्षको पुरक परीक्षामा सहभागी हुने परीक्षार्थीहरूका लागि परीक्षा आवेदन फाराम Online मार्फत भर्ने सूचना।

त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, बल्खुद्वारा वार्षिक परीक्षा प्रणाली अनुसार कानुन संकाय तर्फ ३ बर्षे स्नातक तह एल.एल.बि. तेस्रो वर्ष २०७९ को २०८२ बैशाखमा संचालित वार्षिक परीक्षामा सम्मिलित परीक्षार्थीहरुलाई त्रि.वि. प्राज्ञिक परिषदद्वारा पूरक परीक्षामा सम्मिलित गराउने निर्णय भएकोले तपसिल बमोजिमका परीक्षार्थीहरुलाई उक्त परीक्षामा सम्मिलित हुन केन्द्रीय परिक्षा संचालक समितिको निर्णय अनुसार यो सूचना प्रकाशित गरिएको छ ।

**१. पूरक परीक्षा आवेदन फाराम सम्बन्धमा**

क) पूरक परीक्षा आवेदन फाराम भर्न स्नातक तह तेस्रो वर्ष २०७९ को नियमित परीक्षार्थी हुनुपर्नेछ ।

ख) परीक्षा आवेदन फाराम खोलेको मिति भित्र प्रथम र द्वितीय वर्षका सबै परीक्षाहरु (प्रयोगात्मक परीक्षा समेत) उत्तीर्ण भएको हुनुपर्नेछ ।

ग) तेस्रो वर्ष २०७९ को परीक्षामा बढीमा दुई विषयमा अनुत्तीर्ण वा अनुपस्थित परीक्षार्थी मात्रै सहभागी हुन पाउने छन् ।

घ) पूरक परीक्षामा सहभागी परीक्षार्थीहरुलाई २०७९ सालको तेस्रो वर्षकै सिम्बोल नम्बरबाट परीक्षामा सहभागी गराइने भएकाले परीक्षा आवेदमा सोही सिम्बोल नम्बर उल्लेख गरी आवेदन फाराम भरनु पर्नेछ ।

ङ) परीक्षा आवेदन फाराम भर्ने समय सात दिन मात्र (मिति २०८२ मंसिर २३ गतेदेखि पौष ०१ गतेसम्म) कायम गरिएकोले उक्त अवधिभित्र १ (क) देखि (घ)सम्म प्रक्रिया पूरा गरेका परीक्षार्थीहरुले सम्बन्धित क्याम्पसवाट अनलाईन (online) मार्फत परीक्षा आवेदन भर्नु पर्नेछ।

च) प्रयोगात्मक परीक्षा तथा आन्तरिक मूल्याङ्कन अनुपस्थित एवं अनुत्तीर्ण भएका विद्यार्थीहरूको हकमा सम्बन्धित विषयहरुको प्राप्ताङ्कहरु आवेदन फारामको अवधिभित्र प.नि.का., बल्खु वा सम्बन्धित क्षे.प.नि.का. मा बुझाई सक्नुपर्नेछ ।

छ) परीक्षा केन्द्रहरु पछि प्रकाशित गरिनेछ ।

२. परीक्षा आवेदन फाराम भर्ने म्याद र शुल्क सम्बन्धमा

क) काठमाडौं उपत्यकाका क्याम्पसहरुले त्रि.वि.प.नि.का. को नाममा जम्मा गरेको आवेदन फाराम शुल्कको बैंक भौचर २ दिनभित्र परीक्षा आवेदन फाराम अनिवार्य रुपमा त्रि.वि.प.नि.का., बल्खुमा बुझाई सक्नुपर्नेछ, उपत्यका बाहिरका क्याम्पसहरुले जम्मा गरेको बैंक भौचर सहित २ दिन भित्र परीक्षा आवेदन फाराम सम्बन्धित क्षे.प.नि.का. र प.नि.का क्षेत्रका उपत्यका बाहिरका क्याम्पसहरुले त्रि.वि. प.नि.का, बल्खुमा बुझाई सक्नु पर्नेछ।

ख) परीक्षा फारामहरु बुझाउँदा सम्बन्धित प.नि.का.मा बैंक भौचर सहित सर्वप्रथम लेखा शाखामा फाराम रुजु गराएर सम्बन्धित फाराम शाखामा बुझाउनु पर्ने छ।

३. परिक्षा शुल्क सम्बन्धमा

| क्र.सं. | विवरण | शुल्क (रु.) |
|---|---|---|
| क | नियमित/आंशिक/पूरक परीक्षार्थीका लागि प्रति खण्ड शुल्क | १००० |
| ख | परीक्षा आवेदन फाराम | १०० |
| ग | परिक्षा केन्द्र शुल्क | १५० |
| घ | प्रयोगात्मक परीक्षा प्रति विषयका लागि | २०० |
| ङ | प्रयोगात्मक परीक्षा दुई वा दुई भन्दा बढी विषयका लागि शुल्क/ पूरकको हकमा दुइ विषयका लागि मात्र शुल्क | ३०० |
| च | फिल्ड वर्क, टर्म पेपर र प्रोजेक्ट वर्क शुल्क | ३०० |

४. परीक्षा शुल्क बुझाउने सम्बन्धमा

क) काठमाडौं उपत्यका भित्रका क्याम्पसहरुले त्रि.वि.कीर्तिपुर बल्खु परिसर भित्र रहेका ग्लोबल आईएमई बैंक लिमिटेडको आम्दानी खाता नं. ०५०१०१००००००५०० मा वा नेपाल बैंक लिमिटेडको आम्दानी खाता नं. ०४५००१०००९९१०८००००००१ मा परीक्षा सम्बन्धी शुल्कहरु जम्मा गरी प.नि.का. को नाममा रकम बुझाएको भौचर परीक्षा आवेदन फारामका साथ अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

ख) क्षे.प.नि.का. पोखरा क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्बन्धी सम्पूर्ण शुल्क क्षे.प.नि.का., पोखरा स्थित नेपाल बैंक लिमिटेड, बगर शाखाको खाता नं. ०९१००१०११०१३४००००००१ मा रकम बुझाएको भौचर परीक्षा आवेदन फाराम सथै अनिवार्य रुपमा बुझाउन पर्नेछ ।

ग) क्षे.प.नि.का. विराटनगर क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्बन्धी सम्पूर्ण शुल्क क्षे.प.नि.का, विराटनगर स्थित नेपाल बैंक लिमिटेड, बजार अड्डा शाखाको खाता नं. १०४००१००९२२१२००००००१ मा रकम बुझाएको भौचर परीक्षा आवेदन फाराम सथै अनिवार्य रुपमा बुझाउन पर्नेछ ।

घ) क्षे.प.नि.का. नेपालगंज क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्बन्धी सम्पूर्ण शुल्क क्षे.प.नि.का., नेपालगंज स्थित ग्लोवल आईएमई बैंक लिमिटेड, त्रिभुवन चोक, बाँके खाता नं. २१०१०१००००७६ मा रकम बुझाएको भौचर परीक्षा आवेदन फाराम सथै अनिवार्य रुपमा बुझाउन पर्नेछ ।

.................................

परीक्षा नियन्त्रक